# शुद्धोधन राजपत्र

शुद्धोधन गाउँपालिकाद्धारा प्रकाशित

खण्ड ७) शुद्धोधन, वैशाख २१ गते, २०८१, साल संख्याः २


भाग-२

## कृषि कार्यक्रम सञ्चालन सम्बन्धी कार्यविधि, २०८१

**प्रस्तावना :**

कृषि क्षेत्रमा लगानी बढाउन, दक्ष जनशक्तिलाई कृषि क्षेत्रमा आकर्षण गरी स्वदेशमा नै आत्मनिर्भर उन्मुख गराउन, स्थानीय श्रम, सिप र दक्षताको सदुपयोग गरी लगानी मैत्री वातावरण सृजना गर्न, कृषि तथा पशुपालन क्षेत्रलाई व्यवसायिकरण गर्न, उत्पादन तथा उत्पादनमूलक क्षेत्रमा पूँजीलाई प्रभावकारी परिचालन गर्न, साझेदारी प्रणालीमार्फत कृषि प्रसार तथा क्षेत्रमा महत्वपूर्ण योगदान पुऱ्याउने कृषक समूह, कृषि सहकारी तथा साझेदार संस्थाहरुको साझेदारीमा गाउँ टोलसम्म सन्जाल फैलिएका हितकोष रकमलाई प्रभावकारी परिचालन गरी कृषि प्रसारमा श्रोत जुटाउन र महत्वपूर्ण साझेदारको रुपमा पहिचान गरी गाउँपालिकाबाट कृषि क्षेत्रमा अनुदानका कार्यक्रम सञ्चालन गर्न वाञ्छनीय भएंकोले स्थानिय सरकार संचालन ऐन २०७४ को दफा ११ , खण्ड (ण) सँग सम्वन्धित कार्यको लागि सोही ऐनको दफा १०२ को उपदफा २ बमोजिम शुद्धोधन गाउँपालिका गाउँकार्यपालिकाबाट यो कार्यविधि बनाई जारी गरिएको छ ।

### परिच्छेद १

## प्रारम्भिक

**१.संक्षिप्त नाम र प्रारम्भ :**

(१) यस कार्यविधिको नाम **कृषि कार्यक्रम सञ्चालन सम्बन्धी कार्यविधि,२०८१"** रहेको छ ।

(२) यो कार्यविधि शुद्धोधन गाउँपालिका रुपन्देही क्षेत्रभित्र लागु हुनेछ ।

(३) यो कार्यविधि कार्यपालिकाको बैठकबाट पारित भए पश्चात प्रारम्भ हुनेछ ।

**२.परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

(१) **"गाउँपालिका"** भन्नाले शुद्धोधन गाउँपालिकालाई सम्झनुपर्छ ।

(२) **"प्रमुख"** भन्नाले शुद्धोधन गाउँपालिकाको अध्यक्ष लाई सम्झनुपर्छ ।

(३) **"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले शुद्धोधन गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्छ ।

(४) **"कार्यक्रम"** भन्नाले कृषि सम्बन्धी कार्यक्रमलाई सम्झनुपर्छ ।

(५) **"कृषक समूह"** भन्नाले शुद्धोधन गाउँपालिकाको कृषि बिकास शाखामा दर्ता भएका कृषकहरुको समूहलाई जनाउँछ ।

(६) **"कृषि सहकारी संस्था"** भन्नाले प्रचलित कानून बमोजिम कृषि विकासको लागि कार्यक्षेत्र उल्लेख भई दर्ता गरिएको कृषि सहकारी सस्थालाई सम्झनु पर्दछ ।

(७) **"कृषि फर्म"** भन्नाले नेपाल सरकारका निकायमा दर्ता भएका र कानून बमोजिम दर्ता हुने कृषि विकाससँग सम्वन्धित कार्यहरु गर्ने व्यवसायिक फर्मलाई सम्झनुपर्छ ।

(८) **"प्रस्ताव"** भन्नाले कार्यक्रम सञ्चालन गर्नको लागि आवश्यकता अनुसार साझेदारले पेश गरेको अनुसूची ३ बमोजिम संक्षिप्त कार्ययोजना सहितको कार्यविवरण सम्झनु पर्दछ ।

(९) **"साझेदार"** भन्नाले लागत सहभागितामा कार्यक्रम सञ्चालन गर्नको लागि इच्छुक कृषक समूह, कृषि फर्म सम्झनु पर्दछ र सो शव्दले कृषि विकास सँग सम्बन्धितं सहकारी संस्था तथा कानून बमोजिम दर्ता भई सो क्षेत्रमा कार्य गर्ने गैर सरकारी सँस्था समेतलाई जनाउछ ।

(१०) **"कृषि ब्यवसाय"** भन्नाले कृषि व्यवसाय प्रवर्धन ऐन २०७४ को दफा २(ञ) बमोजिमका व्यवसाय सम्झनु पर्दछ ।

(११) **"कृषक"** भन्नाले कृषि क्षेत्रमा कार्य गर्ने व्यक्तिलाई सम्झनु पर्दछ ।

(१२) **“नविनतम प्रबिधि”** भन्नाले कृषि  क्षेत्रमा भर्खर सुरुवात हुँदै गरेका नयाँ प्रबिधिलाई सम्झनु पर्दछ ।

## परिच्छेद २

## कार्यविधिको उद्धेश्य

**३ उद्धेश्य** :(१) कृषक समूह, संस्था, कृषि फर्म, कृषि सहकारी तथा व्यवसायिक कृषकहरुको व्यवसायलाई सहयोग पुऱ्याउने,

(२) कृषक समूह, संस्था, फर्म ,व्यवसायिक कृषकको हितकोष रकमलाई कृषि तथा पशु विकास क्षेत्रको उत्पादन एवं उपलब्धिमूलक क्षेत्रमा प्रभावकारी परिचालन गर्ने,

(३) कृषक समूह, संस्था, कृषी फर्म ,ब्यवसायिक कृषकको संस्थागत क्षमता, दक्षता एवं जिम्मेवारीपनको विकास गर्ने ।

(४) कृषि  क्षेत्रको व्यवसायीकरणमा टेवा पुऱ्याउने ।

(५) कृषक समूह,  संस्था, फर्म, व्यवसायिक कृषकलाई सहकारीकरणतर्फ उन्मुख गराउने ।

## परिच्छेद ३

## कार्यक्रम सञ्चालन तथा अनुदान सम्बन्धी व्यवस्था

४. **कार्यक्रम सञ्चालनका क्षेत्रहरु** : कार्यक्रम सञ्चालनका क्षेत्रहरु देहाय बमोजिम हुनेछन् ।

(१) स्थानीय प्राथमिकता प्राप्त वालीहरुको प्रवर्द्धन हुने किसिमका कार्यक्रमहरु,

(२) स्थानीय तहमा कृषि संकलन केन्द्र, हाट बजार सुधार तथा नयाँ हाट बजार स्थापना लगायतका पूर्वाधार विकास कार्यक्रमहरु,

(३) भकारो सुधार, गोठ सुधार, सामुहिक खेती, पुष्प खेती, फलफूल खेती, जडिबुटी उत्पादन, मौरीपालन, माछापालन, च्याउ, तरकारी खेती, अन्नबाली, दलहन, तेलहन, नगदेबाली, मसलाबाली आदि जस्ता आय आर्जन बृद्धि हुने खालका कृषि  सम्वन्धी कार्यक्रमहरु,

(४) विभिन्न वालीको श्रोत केन्द्र स्थापना तथा परिचालन सम्वन्धी कार्यक्रम,

(५) कुनै स्थान विशेषमा विशिष्ठताको आधारमा गर्न सकिने पुष्प खेती, फलफूल खेती, जडिबुटी उत्पादन, मौरीपालन, माछापालन, च्याउ, तरकारी खेती, अन्नबाली, दलहन, तेलहन, नगदेबाली, मसलाबाली आदि तथा पशुपन्छी पालन पकेटको रुपमा सञ्चालन गर्न सकिने कार्यक्रमहरु,

(६) साना सिँचाई अन्तर्गत कूलो मर्मत सम्भार, बाँध संरक्षण, नयाँ कुलो निर्माण तथा सिंचाईको लागि आवश्यक यन्त्र उपकरण व्यवस्थापन,

(७) सिँचाईका लागि हाल संचालनमा रहेका कुलो, बाँध, पैनी, पोखरीको निर्माण, स्तरोन्नति, मर्मत सम्भार र पोखरी तथा पानीको मूल संरक्षण,

(८) माथि उल्लेखित बाहेक कृषि  क्षेत्रमा थप कुनै नविन प्रविधि सहितका नयाँ कार्यक्रमहरु,

**५. कार्यक्रम सञ्चालनको लागि प्रस्ताव माग गर्न सक्ने** : (१) शुद्धोधन गाउँपालिकामा दर्ता भएका र कानून बमोजिम अन्य निकायमा दर्ता भएका कृषक समूह, संस्था, फर्म, व्यवसायिक कृषक, कृषि सहकारी तथा साझेदार संस्थाहरुलाई अनुसुची ५ अनुसार सूचना प्रकाशन गरी कार्यक्रम सञ्चालन को लागी प्रस्ताव माग गरिनेछ ।

(२) उपदफा (१) बमोजिम प्रस्ताव पेश गर्दा निवेदन साथ देहायको प्रतिबद्धता सहित अनुसूची १ को ढाँचामा आवेदन गर्नु पर्नेछ ।

(क) समुहको हकमा न्यूनतम १५ जना कृषक संलग्न भएको,

(ख) सहकारीको हकमा कृषि सहकारीको रुपमा कानून बमोजिम दर्ता भई सञ्चालन भएको,

(ग) गाउँपालिका वा नेपाल सरकारको आधिकारिक निकायमा दर्ता भएको ।

(घ) सहकारी तथा समूह सदस्यका कार्य समितिका सदस्यहरुको व्यवसाय सञ्चालन गर्न सामूहिक प्रतिबद्धता रहेको,

(ङ) वार्षिक कार्ययोजना पेश भएको,

(च) गाउँपालिकाबाट प्राप्त हुने अनुदानको प्रभावकारी रुपमा परिचालन र उपयोग गर्न सक्ने क्षमता भएको,

३. साझेदारी कार्यक्रम अनुसार संक्षिप्त कार्ययोजना प्रस्ताव गर्दा अनुसूची-३ बमोजिमको ढाँचामा पेश गर्नुपर्नेछ

**६. अनुदान सम्बन्धी व्यवस्था** :  प्रस्ताव स्वीकृत भएका योजना तथा कार्यक्रमहरु सञ्चालनको लागि गाउँपालिकाबाट तपसिल बमोजिम अनुदान उपलब्ध गराउन सकिनेछ ।

(१) कृषि कार्यक्रमका लागि अनुदान प्रदान गर्दा देहाय बमोजिमको साझेदारीमा गरिनेछ ।

(क) साना सिँचाई कुलो निर्माण - ७५ प्रतिशत

(ख) स्यालो टूयूवेल जडान र सिंचाई सामाग्री खरीद तथा वितरणमा - ५० प्रतिशत

(ग) कृषि सामाग्री तथा मेशिनरी औजार खरिद तथा वितरणमा - ५० प्रतिशत

(घ) प्राविधिक सेवा तथा अन्य सेवा सम्बन्धी सामाग्रीहरु वितरण तथा प्रदर्शन कार्यक्रममा - १०० प्रतिशत

(ङ) नविनतम प्रविधि - १०० प्रतिशत

(च) कृषि विकाससँग सम्बन्धित युवा लक्षित कार्यक्रमहरु - ५० प्रतिशत

(छ) जडिबुटी खेती उत्पादन तथा प्रशोधनमा - ५० प्रतिशत

(ज) तरकारी मिनिकिट बितरण कार्यक्रममा - १०० प्रतिशत

(झ) आकस्मीक बाली संरक्षण कार्यक्रममा - १०० प्रतिशत

२. कार्यक्रमको अनुदानको सिमा हेरफेर गर्नु परेमा आर्थिक विकास समितिको सिफारीसमा कार्यपालिकाको निर्णय अनुसार हुनेछ ।

**७. आयोजना छनौट र मूल्यांकनका आधार** : १ आयोजना छनौट र मूल्यांकन गर्दा अनुसूची- २ बमोजिमको छनौट तथा मूल्याङ्कन फारम भरी देहायको आधारमा छनौट गरिनेछ ।

(क) कृषि तथा पशु पालन सम्बन्धी ज्ञान भएका कृषक (तालिम प्राप्त भए प्रमाण पत्र पेश गर्नुपर्ने),

(ख) सिँचाईको सुविधा भएको वा सुनिश्चितता भएको,

(ग) यातायातको सुविधा भएको,

(घ) रोजगारीको सिर्जना हुने तथा आयआर्जनमा बृद्धि हुने अवस्था रहेको,

(ङ) बजारको सुविधा भएको,

(च) कार्यक्रम सन्चालनका लागि कषक समूह, सहकारी सस्था, साझेदार संस्था, फर्म, ब्यवसायिक कृषक छनौट गर्दा महिला, दलित, जनजाति, विपन्न वर्ग एवं पछाडि परेका वर्गलाई प्राथमिकता दिइनेछ ।

(२) दफा ५ को उपदफा १ बमोजिम पेश भएका प्रस्तावहरु कृषि शाखाले अध्ययन गरी आर्थिक विकास समिति समक्ष पेश गर्नेछ ।

(३) उपदफा (२) बमोजिम पेश भएका प्रस्तावहरुलाई आर्थिक विकास समीतीले मूल्याङ्कन गरी कार्यक्रम सञ्चालनको स्वीकृत गर्नेछ ।

(४) उपदफा (३) बमोजिम मूल्याङ्कनका लागि समिति समक्ष पेश भएका रितपूर्वकका प्रस्ताव तथा निवेदन उपर आर्थिक विकास समितिले आवश्यक ठानेमा कृषि विकास शाखालाई मूल्याङ्कन गरी पेश गर्न निर्देशन दिन सक्नेछ ।

५ आर्थिक विकास समितिले अनुसुचि २ बमोजिमको निर्धारीत मापदण्डका आधारमा प्रस्तावहरुको मुल्याङकन र प्राथमिकताक्रम निर्धारण गर्नेछ ।

६ यसरी प्राथमिकताक्रम निर्धारण गर्दा बढि अङ्क प्राप्त गर्ने प्रस्तावहरु निर्धारीत बजेट सिमामा रही आर्थिक विकास समितिले छनोट गर्नेछ ।

८. स्वीकृत भएका आयोजना कृषक समूह, सहकारी सस्था, साझेदार, फर्म, व्यवसायिक कृषक मार्फत सन्चालन गरिनेछ ।

९. गाउँपालिकाबाट आयोजना स्वीकृत भएपछि सम्बन्धित समूह, सहकारी सस्था, साझेदार, फर्म, व्यवसायिक कृषक र गाउँपालिका बीच अनुसूची ४ अनुसारको सम्झौता गर्नुपर्नेछ ।

१०. कार्यक्रम सञ्चालन तथा कार्यान्वयनका लागि सम्झौता गर्दा कृषक सुमूह, साझेदार, कृषि फर्म, व्यवसायिक कृषक र कार्यालयको तर्फबाट अन्तिम कार्यान्वयन योजना तयार गरी सरोकारवालाको उत्तरदायित्व स्पष्ट रुपले तोक्नु पर्नेछ ।

११. कार्यालयबाट उपलब्ध गराउने अनुदान रकम कृषकहरुले वस्तु वा सेवा खरिद गरी बिल भरपाई पेश गरीसकेपछि कृषक समूह, कृषि सहकारी सस्था, साझेदार, फर्म, व्यवसायिक कृषकको बैंङ्क खातामा रकम उपलब्ध गराइनेछ ।

१२. तोकिएको वा छनोट भएको कार्यक्रम निर्धारित समयभित्र सम्पन्न गरिसक्नु पर्नेछ ।

१३. कृषक समूह, कृषि सहकारी सस्था, साझेदार, फर्म, व्यवसायिक कृषकले कार्यक्रमको सामाजिक परिक्षण समेत गराउनु पर्नेछ ।

१४. समूह, सहकारी सस्था, साझेदार, फर्म, व्यवसायिक कृषकको अभिलेख शुद्धोधन गाउँपालिकामा राखिनेछ ।

१५. कार्यसम्पन्न भए पछि समूह, सहकारी सस्था, साझेदार, फर्म, व्यवसायिक कृषकले वडा कार्यालय वा कृषि विकास शाखाको सिफारिस सहित कार्य सम्पन्न प्रतिवेदन पेश भएपछि सो प्रतिवेदनको आधारमा गाउँपालिका कार्यालय तर्फबाट उपलब्ध गराइने रकम बैङ्कमार्फत भुक्तानी गरिनेछ ।

तर निर्माण सम्बन्धी कामको सम्बन्धमा लागत अनुमान गाउँपालिकाको योजना तथा पुर्वाधार विकास शाखाबाट गराई कार्य सम्पन्न प्रतिवेदन पेश भएपछि मात्र बैङ्कमार्फत भुक्तानी गरिनेछ ।

१६. वडा कार्यालय मार्फत बजेट विनियोजित कृषक समुह/सहकारी/विभिन्न समिति मार्फत सँचालन गर्ने कार्यक्रमको हकमा गाउँपालिका सँग समन्वयन गरी वडा समितिको निणर्य अनुसार सम्बधित वडा कार्यालयले संचालन गर्न सक्नेछ ।

१७.गाँउपालिका तथा वडा कार्यालय मार्फत कृषक समुह/सहकारी/विभिन्न समितिबाट सँचालन भएका कार्यक्रमको  भुक्तानि गर्नु भन्दा अगावै गाँउपालिकाबाट अनुगमन गर्न सकिनेछ ।

## परिच्छेद ४
## विविध

**१८. अनुदान ब्यवस्थापन तथा मूल्याङ्कन समितिको गठन** : कार्यक्रम संचालनको लागि प्रस्तावहरुको मूल्याङ्कन गरी स्वीकृत गर्ने काम आर्थिक विकास समितिको निणर्य अनुसार हुनेछ ।

**१९. अनुदान ब्यवस्थापन तथा मूल्याङ्कन समितिको काम कर्तब्य र अधिकार :**

अनुदान ब्यवस्थापन तथा मूल्याङ्कन समितिको काम कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) कृषकहरुबाट आएका प्रस्तावहरुको छलफल गरी औचित्य हेरी स्वीकृत गर्ने ।

(ख) अनुदानको सिमा तोक्ने ।

(ग) कुनै वा सबै प्रस्ताव आर्थिक/प्राविधिक/औचित्यको आधारमा पुनः मूल्याङ्कन गरि आवश्यकता अनुसार पुनः निवेदन माग गर्न सक्नेछ ।

(घ) स्वीकृत कार्यक्रम अनुसार कार्य भए नभएको तथा अनुदान रकम सदुपयोग भए नभएको अनुगमन गर्ने ।

(ङ) कार्यक्रमलाई प्रभावकारी बनाउन मातहतका शाखा वा सम्वन्धित कर्मचारीहरुलाई आवश्यक सुझाव दिने ।

(च) अनुगमन कार्यका लागि आवश्यकता अनुरुप उपसमिति गठन गरी परिचालन गर्ने ।

(छ) सञ्चालित कार्यक्रमहरुको नियमित अनुगमन तथा मूल्याङ्कनको कार्य सम्बन्धित शाखाबाट गर्ने ब्यवस्था मिलाउने ।

**२०. अनुगमन तथा मूल्याङ्कन सम्बन्धी व्यवस्था** : (१) गाउँपालिकाबाट गरिने कृषि सँग सम्बन्धित कार्यक्रमहरुको यस कार्यविधि बमोजिम उपलब्ध गराइने आर्थिक तथा प्राविधिक विषयमा अनुगमन यस गाउँपालिकाले गर्नेछ ।

(२) कार्यविधि अनुसार पेश भएका कार्यक्रमहरु स्वीकृत गर्नु अघि गाउँपालिकाबाट स्थलगत अनुगमन गरिनेछ ।

(३) सार्वजनिक निजी साझेदारीबाट सञ्चालन गरिने कार्यक्रमको गाउँपालिका तथा लागत साझेदार सँस्था वा निकायबाट संयुक्त रुपमा अनुगमन गरिनेछ ।

)४) उपदफा (१)/(२) र (३) बमोजिम अनुगमन गरी सोको मूल्याङ्कन प्रतिवेदन प्राप्त भएपछि कृषि शाखाबाट भुक्तानीको लागि सिफारिस गर्नेछ ।

(५) प्राप्त प्रतिवेदनको आधारमा मूल्याङ्कित अङ्कको यस कार्यविधिमा उल्लेख भए बमोजिमको अनुदान गाउँपालिकाले उपलब्ध गराइनेछ ।

**२१. जरिवाना सम्बन्धी व्यवस्था** : (१) प्रस्ताव स्वीकृत भएका कृषक समूह, सहकारी संस्था, साझेदार, फर्म, व्यवसायिक कृषकहरुले स्कीम र सम्झौता अनुसार कार्यक्रम सम्पन्न नगरी प्राप्त अनुदानलाई दुरुपयोग गरेको पाइएमा त्यस्ता साझेदारलाई गाउँपालिकाले प्रचलित कानून बमोजिम कारवाही गरी सरकारी बाँकी सरह रकम असुल उपर  गर्नेछ ।

(२) अनुदानमा सञ्चालित कृषि कार्यक्रमहरु कृषक समूह, संस्था, फर्म, व्यवसायिक कृषक, कृषि सहकारी तथा साझेदार संस्थाहरुद्धारा दुरुपयोग गरेको ठहर भएमा गाउँपालिकाबाट त्यस्ता संस्थालाई कम्तीमा ५ बर्षसम्म कुनैपनि अनुदान उपलब्ध गराईने छैन ।

**२२.प्रचलित कानून बमोजिम हुने** : (१) कृषि व्यवसाय प्रवर्धन तथा सञ्चालन कार्यक्रम कार्यान्वयनको सम्बन्धमा प्रचलित कानूनमा उल्लेख भएकोमा सोही बमोजिम र उल्लेख नभएको कार्यक्रमको हकमा यसै कार्यबिधि बमोजिम भए गरेको मानिनेछ ।

(२) यस कार्यविधिमा भएको व्यवस्था प्रचलित ऐन नियमसँग वाझिएमा  वाझिएको हदसम्म अमान्य हुनेछ ।

(३) प्रदेश सरकार तथा संघीय सरकारका कार्यक्रम कार्यान्वयनको हकमा सम्बन्धित निर्देशिका तथा कार्यबिधि बमोजिम हुनेछ ।

**२३.संशोधन तथा परिमार्जन** :  गाउँकार्यपालिकाले यस कार्यबिधिमा आवश्यक परिमार्जन एवं संशोधन गर्न सक्नेछ ।

## अनुसूची-१

(दफा ५ को (२) सँग सम्बन्धित )

**निवेदनको ढाँचा :**

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू                                   मितिः
शुद्धोधन गाउँकार्यपालिकाको कार्यलय,
मानपकडी, रुपन्देही ।

**विषय : ........................... कार्यक्रम उपलब्ध गराई दिने बारे ।**

महोदय,

मलाई उक्त अनुदान सहयोग प्राप्त गरी ..............................     कार्य गर्न तिव्र इच्छा भएकोले निम्नानुसार कागजात राखी निवेदन गर्दछु । मैले अनुदान सहयोग प्राप्त गरेमा निर्धारित प्रकृया अनुसार यसै गाउँपालिका भित्रै रही कार्य गर्नेछु ।

पुनश्चःतपसिल अनुसारका कागजातहरु यसै निवेदन साथ संलग्न राखेको व्यहोरा समेत अनुरोध गर्दछु ।

**तपसिल**

१.अनुसूची ३ अनुसारको संक्षिप्त कार्ययोजना ।
२.नेपाली नागरिताको प्रतिलिपि ।
३.फर्म/समूह/समिति/सहकारी सम्बन्धित निकायमा दर्ता भएको प्रमाणको प्रतिलिपि ।
४.अन्य प्रमाणित पत्रहरु (तालिम/शैक्षिक योग्यता) आदिका प्रतिलिपिहरु ।
५.बैदेशिक रोजगारबाट फर्केकाको हकमा पासपोर्टको प्रतिलिपि ।
६.कृषक समूह/सहकारीका सदस्यहरुको परियोजना प्रस्ताव पेशा र परियोजना छनौट भएमा कार्यन्वयन गर्ने प्रतिबद्धता ।

निवेदकको
दस्तखतः
नामः
ठेगानाः
मोवाइल नंः

अनुसूची-२

( दफा ७ को १ सँग सम्बधित )

छनौट तथा मूल्यांकन फारम

शुद्धोधन गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय

मानपकडी, रुपन्देही

किसानको नामः ठेगानाः

प्रस्तावित कार्यक्रमको नामः सम्पर्क नं.

<u>मुल्याङ्कनक फारम</u>

| क.सं. | विवरण (सुचक) | भार | प्राप्ताङ्क | कैफियत |
|---|---|---|---|---|
| १ | स्थलगत भौतिक पूर्वाधार र संभावनाको अवस्था | १० | | |
| २ | विगत २ वर्ष अगाडि यस्तै किसिमको कार्यक्रममा सहभागी भए नभएको | १० | | |
| ३ | सिंचाईको अवस्था | १० | | |
| ४ | उत्पादित बस्तुको वजारको अवस्था | १० | | |
| ५ | आर्थिक पक्ष तथा लगानीको अवस्था | १० | | |
| ६ | तालिम लिइएको वा न लिएको | १० | | |
| ७ | जग्गाको उपलब्धता | १० | | |
| ८ | रोजगारको अवस्था | १० | | |
| ९ | प्राविधिक अवस्था | १० | | |
| १० | विगत कति बर्ष देखि खेती गर्दै आएको<br>५ वर्ष भन्दा बढि १०<br>३ वर्ष भन्दा बढि ५<br>१ देखि ३ बर्ष ३<br>नगरेको भए ० | १० | | |
| | जम्मा | १०० | | |

## अनुसूची-३

### ( दफा ५ को ३ सँग सम्वन्धित )

### संक्षिप्त कार्य योजना

व्यवसायी युवा/युवतीको नाम थर :

ठेगाना : गाउँ/टोलः..........................वार्ड.नं:.........स्थानीय तह.:...........................
जिल्लाः..............................

संचालन गर्न खोजेको.................................सम्बन्धि व्यवसाय र स्थानः........................

सहयोग स्वरुप माग गरेको अनुदान रकम/लगानी :

आफ्नो लगानी :

आफ्नो पारिवारीक श्रम :

व्यवसायबाट उत्पादन हुने बस्तु :

उत्पादित कृषि बस्तुको परिमाण :

बजारयोग्य परिमाण :

व्यवसायले वातावरणमा नकरात्मक प्रभाव पार्छ/पार्दैन ?

फर्म/समूह/समिति/सहकारीको नाम : सम्पर्क नम्बर :

ठेगाना :गाउँ/टोल वडा नं.: जिल्ला :

व्यवसाय संचालन गरिने स्थान :

संचालन गरिने विवरण :

| क.सं. | संचालन गरिने कियाकलाप | अनुदान सहयोग | निजि लगानि | जम्मा लगानि |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |

व्यवसाय गरेको भए, विगत कति वर्ष देखी..............निरन्तर गरि रहेको ? वर्ष .......... महिना..................

व्यवसायको लागि श्रमको व्यवस्थापनः क पारिवारिक ख बाहिर बाट ग)दुबै तर्फबाट सहि गर्नेको

नाम :
पद : संस्थाको छाप : (संस्थाको हकमा)
दस्तखत : मिति :

# अनुसूची-४
## ( दफा ९ सँग सम्वन्धित )
## सम्झौता-पत्र

यस गाउँपालिका मार्फत संचालन गरिने चालु आ.व.............. को स्वीकृत वार्षिक/आवधिक कार्यक्रम.अन्तर्गत................................ कार्यक्रम संचालन गर्न शुद्धोधन गाउँ कार्यपालिकाको कार्यालय, (यस पछि प्रथम पक्ष भनिने), विशिष्टताको आधारमा छनौट भएका ...................................... कृषक समूह/सस्था/ कृषि फर्म /कृषि सहकारी/साझेदार सँस्था व्यवसायिक कृषक श्री/सुश्री/श्रीमती...............................................(यस पछि दाश्रो पक्ष भनिने) विच तपसिलका .................................................. कार्यक्रम सञ्चालन गर्ने गरी तपसिलका शर्तनामा बमोजिम कार्य गर्ने गराउने गरी यो सम्झौता गरी एक एक प्रति लियौं दियौं ।

तपसिल :

१ निवेदकले खेतीको स्टीमेट सहितको अनुसूची ३ अनुसारको कार्ययोजना पेश गर्नुपर्नेछ ।

२ निवेदकले अनुसुची १ बमोजिम निवेदन यस कार्यालयमा पेश गनुपर्नेछ ।

३. पहिलो पक्षले दोश्रो पक्षलाई व्यवसाय संचालनको लागि कार्ययोजना अनुसार कार्य सम्पन्न भएपछि १ किस्तामा/कार्यबिधि अनुसार सम्बन्धित कृषि व्यवसायिको खातामा अनुदान स्वरुप तेश्रो पक्षको रोहवरमा उपलब्ध गराउने छ ।

४. दाश्रो पक्षले पहिलो पक्षबाट आवश्यक प्राविधिक प्राप्त गरी आफूले आवेदन गरे अनुसारको कृषि व्यवसाय संचालन गर्नेछ ।

५. पहिलो पक्षले नियमित रुपमा कृषि व्यवसाय संचालन गरे नगरेको अनुगमन गर्नेछन् ।

६. यस सम्झौता उल्लेखित काम गर्दा पनि आउन सक्ने कुनै पनि प्राकृतिक प्रकोप/भवितव्यको पूर्ण जिम्मेबारी दोश्रो पक्ष स्वयं आफै हुनेछ ।

७. यस सम्झौतामा उल्लेख भए भन्दा अन्य व्यहोराको हकमा प्रचलित नियम कानुन बमोजिम हुनेछ ।

८. प्राप्त अनुदान रकम कार्यबिधिमा उल्लेख भए बमोजिम लगानी कृषकको पनि हुनेछ ।

**पहिलो पक्ष :**

..........................

प्रमुख प्रशासकीय अधिकृत

शुद्धोधन गाउँपालिका

**दोस्रो पक्ष :**

...........................

संस्था/कृषक को नाम :

संस्थाको छाप :

.. **रोहबर**

..........................

# अनुसूची-५

(दफा ५ को १ संग सम्बन्धित)

## सूचनाको ढाँचा

## सूचना । सूचना ॥ सूचना ॥।

यस कार्यालयको आ.व.२०....../..... को वार्षिक स्वीकृत कार्यक्रम अनुसार कृषि ब्यजसायीलाई कृषि सम्बन्धि कार्यक्रमको माध्यमबाट स्वरोजगार प्रवर्द्धन गर्ने कार्यक्रम रहेको हुँदा इच्छुक कृषक समूह/सस्था/ कृषि फर्म /कृषी सहकारी/ब्यवसायिक कृषकहरुको दरखास्त आव्हानको लागि यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रथम पटक प्रकाशन भएको मिति ७/१५/३५ दिन भित्र तोकिएको ढाँचा अनुसारको आवेदन फारममा दरखास्त दिनु होला ।

पूनश्चः आवेदन साथ तपसिल अनुसारको कागजातहरु संलग्न राख्न समेत यसै सूचनाद्धारा सूचित गरिन्छ ।

तपसिल

१.अनुसूची-१ अनुसारको आवेदन फारम ।
२.अनुसूची-३ अनुसारको संक्षिप्त कार्य योजना ।
३.नेपाली नागरिताको प्रतिलिपि र आवेदकको १ प्रति पासपोर्ट साइजको फोटो ।
४.अन्य प्रमाणित प्रमाण पत्रहरु (तालिम, शैक्षिक योग्यता आदी) को प्रतिलिपिहरु ।
५.संस्थाको निर्णय प्रतिलिपि ।
६.संस्थाका अन्य प्रमाणित प्रमाण पत्रहरु (दर्ता, करचुक्ता आदि) को प्रतिलिपिहरु ।
७.सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र ।

**प्रमाणिकरण मितिः२०८१/०१/१८**

**आज्ञाले**

**विष्णु बहादुर घर्ती**

**प्रमुख प्रशासकीय अधिकृत**